# नगर क्षेत्रका खानेपानी व्यवस्थापन प्रणालीमा विद्यमान लैंगिक असमानता घटाउन नीतिगत सुधारका उपायहरू

बसुन्धरा भट्टराई[a], कौस्तुभराज न्यौपाने[b], कमल देवकोटा[b], रचना उपाध्याय[b], हेमन्त राज ओझा[a]

नेपाल लगायत हिमालयका फेदीका सहरहरूमा पानी आपूर्ति र व्यवस्थापनमा महिलाहरूले महत्वपूर्ण भूमिका खेल्छन् तर विडम्बना उनीहरूकै आवाज निर्णायक तहमा बिरलै मात्र सुनिन्छ।

नेपालको स्थानीय तहको पानी व्यवस्थापनमा ३३ प्रतिशत सीट महिलाको लागि आरक्षित गरिएको भएपनि हाम्रो अध्ययनले नगरोन्मुख क्षेत्रमा सीमान्तीकृतको नयाँ स्वरुप सहित लैंगिक असमानता बढाएको देखाएको छ।

जलवायु परिवर्तनले गर्दा सहरहरू त्यसै पनि पानी आपूर्तिको विषमता (जस्तै, अति वृष्टि, अनावृष्टि, बाढी र पानीको अभाव) को सामना गरिरहेका छन्। यस्ता विषमता हालैका वर्षमा झन् बढिरहेका छन्। परिणाम स्वरुप पानीको असुरक्षा र लैंगिक असमानता झन् गहिरो र जटिल बन्दै गएको छ। सहरी तथा ग्रामीण इलाकाहरूमा जलवायु परिवर्तनले पानीको सुलभ पहुँचमा असर पार्दै पानी व्यवस्थापनलाई अझ चुनौतीपूर्ण बनाएको छ।

सन् २०११ देखि २०१६ सम्म आउँदा सहरी क्षेत्रमा बसोबास गर्ने कुल जनसंख्या १७ प्रतिशत बाट बढेर ५८ पुगेको तथ्यांकले नेपाल तीव्र रुपमा सहरीकरण तिर उन्मुख भइरहेको देखाउँछ। गाउँमा भन्दा पारम्परिक लैंगिक सम्बन्धहरू सहरमा सकारात्मक रुपले परिवर्तित हुंदै जान्छन् भन्ने सबैलाई लाग्न सक्छ। तथापि, हाम्रो अध्ययनले के देखाउंछ भने सहरीकरण भएता पनि पारम्परिक लैंगिक भूमिका पितृसतात्मक ढाँचा र संस्था मार्फत रहिरहन्छ। अझ निराशाजनक कुरा के हो भने, सहरको पानी व्यवस्थापन समावेशी र समतामूलक बनाउन परम्परादेखि रहेको लैंगिक भूमिका र मान्यताले बाधा पुर्‍याइरहेको छ।

## यो अध्ययन

यो अध्ययन एक वृहत् अध्ययनको सार र खानेपानी व्यवस्थापनको अभ्यासमा संलग्न महिला तथा पुरुषहरूको भनाइ (न्यारेटिभ)मा आधारित छ। हामीले यसमा नेपालका तीनवटा साना तर तीव्ररुपमा विस्तारित भइरहेका नगरहरू (धरान, धुलीखेल र विदुर) को पानी व्यवस्थापनमा सक्रिय सरोकारवालाहरूको विचार पनि समेटेका छौं। हामीले पानीका यावत स्रोतहरू माथिको नियन्त्रण र पहुँचसँग सम्बन्धित लैंगिक असमानताका उदाउँदा परिवेश र सूचकांकहरूको विश्लेषण गर्दै मुख्य नीतिगत सिकाइलाई निचोडको रुपमा प्रस्तुत गरेका छौं।

[a]Institute for Study and Development Worldwide, Australia
[b]Southasia Institute of Advanced Studies, Nepal

**नीतिगत सुधारका लागि मुख्य सन्देशहरू : के कस्ता कार्यले पानी व्यवस्थापनको शासकीय स्वरुपलाई अझ लैंगिक समतामूलक बनाउन सक्छ ?**

| वर्तमान अवस्था | ध्यान दिनुपर्ने |
|---|---|
| • सहभागिताको संख्यालाई मात्रै जोड दिने विधिले पानी व्यवस्थापन क्षेत्रलाई लैंगिक रुपले समतामूलक बनाउन नसक्ने प्रष्ट देखिन्छ। | प्रभावपूर्ण तरिकाले आफ्ना चासो र चाहना अभिव्यक्त गर्न महिलाको क्षमता अभिवृद्धि गर्नुपर्ने<br>महिलाको परिवर्तित सार्वजनिक भूमिकाप्रति सचेतना बढाउने |
| • सार्वजनिक क्षेत्रमा महिलाहरूको उपस्थिती बढिरहेको भए पनि सोहि अनुपातमा सहयोगी संयन्त्रहरू परिवर्तित हुन सकेका छैनन्। | महिला लक्षित सहयोग संयन्त्रहरूलाई विकास र कार्यान्वयन गर्ने |
| • पानी व्यवस्थापनमा महिलाका मुद्दाहरूलाई एक्लाएर हेरिन्छ, समग्र सामाजिक परिवेशमा हेरिदैन। | पानी व्यवस्थापनमा महिलाको सशक्तीकरणको प्राथमिकताको रुपमा सम्पत्तिमा महिला अधिकारको विषयलाई सम्बोधन गर्ने |
| • परिवर्तनका खाकाहरू स्पष्ट छैनन् र सफलताका कथाहरूलाई दस्तावेजीकरण गरी रिपोर्ट गरिएको छैन। | विभिन्न अवस्थाहरूमा केले काम गर्यो, केले गरेन भन्ने उदाहरणका साथ सशक्तीकृत महिलाका सफलताका कथाहरू बनाउने |

## लैंगिक समानतालाई समर्थन गर्ने राष्ट्रिय नीतिहरू

नेपालको संविधान (२०७२)ले राज्य संयन्त्रका सबै स्तरहरूमा महिला तथा वर्तमान विपन्न समुदायहरूको समतामूलक प्रतिनिधित्व प्राप्त गर्न साहसिक प्रावधानको व्यवस्था गरेको छ। उदाहरणको लागि, राष्ट्रिय (संघीय) संसदमा महिलाको लागि ३३ प्रतिशत सीट आरक्षित गरिएको छ। त्यसैगरी, स्थानीय निर्वाचन २०७४ मा महिलाले स्थानीय सरकारमा ४१ प्रतिशत निर्वाचित पद जितेका छन्।

नेपाल संयुक्त राष्ट्र संघ दीगो विकास लक्ष्य २०३० पूरा गर्न प्रतिबद्ध छ। यसको छैटौं बूँदामा लेखिएको छ "लैंगिक समानता र सामाजिक समावेशीपनलाई विशेष ध्यान दिंदै सबैका

लागि सफा पानी तथा सरसफाइमा पहुँच सुनिश्चित गर्ने ।" खानेपानी नियमावली, २०५५ ले खानेपानी आपूर्ति आयोजनाको सञ्चालन र विकास गर्न उपभोक्ता समितिमा कम्तीमा दुई महिला सदस्यहरू हुनुपर्ने व्यवस्था गरेपछि २० वर्ष अगाडि पानी व्यवस्थापनमा महिला संलग्नता सुरु भएको हो । त्यसपछि राष्ट्रिय पानी आपूर्ति तथा सफाइ नीति (२०६०) र ग्रामीण खानेपानी तथा सरसफाइ राष्ट्रिय रणनीति (२०६०)ले स्थानीय पानी व्यवस्थापन समितिहरूमा महिलाको लागि ३० प्रतिशत सदस्यता आरक्षित गरेर (नेतृत्वस्तरमा केही सीट सहित) लैंगिक समानता नीतिलाई अझ मजबूत बनाए ।

सुधारको यस्तो यात्रालाई निरन्तरता दिंदै राष्ट्रिय सरसफाइ तथा स्वास्थ्य गुरु योजना (२०६८) ले यसको उद्देश्यलाई आत्मसात गरी दुई स्पष्ट उद्देश्य उल्लेख गरी लैंगिक समता तथा सामाजिक समावेशिताप्रति प्रतिबद्धता व्यक्त गरेको छ (क) सहभागितापूर्ण योजना प्रक्रिया मार्फत समता, समावेशिता र दीगोपन सुनिश्चित गर्न सहयोग गर्ने (ख) गरीब, पिछडिएका वर्ग र सामाजिकरुपले बहिष्कृत अन्य समूहहरूको शौचालय तथा अरु स्वास्थ्य सेवाहरूमा पहुँच सुनिश्चित गर्ने संयन्त्रको विकास गर्ने ।

तथापि, त्यसमा एउटा अपवाद छ । नगर क्षेत्रमा पानी व्यवस्थापन गर्न महत्वपूर्ण भूमिकासहित आएको पानी आपूर्ति व्यवस्थापन बोर्ड ऐन (२०६३)ले आफ्नो बोर्डमा महिला सदस्यतालाई अनिवार्य गरेको छैन ।

**मुख्य निष्कर्षहरू**

हाम्रो अनुसन्धानको निष्कर्षले पानी व्यवस्थापन प्रणालीमा लैंगिक असमानताको खस्किदो अवस्था देखाएको छ । तलका बूंदाहरू हेरौं,

**१. महिलाहरूको भौतिक उपस्थिति बढ्दै गरेपनि निर्णय प्रकृयामा बहिष्करण जारी छ ।**

पानी व्यवस्थापनको निर्णय निर्माण समूहमा महिलाको संख्या बढाउने मान्यताको नीतिले संरचनात्मक किसिमले बाँधिएको लैंगिक विभेदलाई मुश्किलले सम्बोधन गर्छ । पानी सम्बन्धित नीतिले महिलाको लागि एक तिहाइ संख्या आरक्षित गरेपछि महिलाहरूको भौतिक उपस्थितिमा वृद्धि भएको छ । पहिलेदेखि पुरुषको मात्रै पहूँच भएका स्थानहरूमा महिलाको पनि उपस्थितिको बाटो खोलेको छ । तथापि, महिलाको भौतिक उपस्थितिमा भएको वृद्धि समेत विद्यमान लैंगिक असमानतालाई बढावा दिन नै प्रयोग गरिएको पाइयो । जसबाट "सहभागितामुलक बहिष्करण" को परस्थितीको निर्माण भैरहेको छ । आज पनि के अवधारणा छ भने 'विकासमा महिला' नामक पुरानो नीति अनुसार नै महिला सहभागिताको संख्या उल्लेख्य बढाउने वा कायम राख्नु नै परिवर्तन हो । परिवर्तनको लागि महिलाहरूको अगुवाइ र समालोचनात्मक चेतमा वृद्धि जस्ता धेरै महत्वपूर्ण पक्षहरूमा सीमित ध्यान दिइएको छ ।



चित्र १. धुलीखेल पानी चौतरीका सहभागी
*(Photo: KBP/SIAS)*

**२. सार्वजनिक ओहोदा सँगै पारिवारिक जिम्मेवारीको दोहोरो बोझले महिलाहरूले कठिनाइको सामना गर्दै आएका छन् ।**

पहिले पुरुषमा सीमित सार्वजनिक ओहोदाहरूमा महिला नयाँरुपले अगाडि आएका छन जुन एउटा सकारात्मक परिवर्तन हो । तथापि, घरायसी काममा पुरुषले अझ पनि आफ्नो हिस्साको जिम्मेवारीको बोध गर्न बाँकी छ । सामाजिक सम्बन्धलाई मजबूत बनाउने भूमिका र भारको सन्तुलनलाई विचार नगरी महिलाको वैयक्तिक सशक्तीकरण वा सकारात्मक परिवर्तन हासिल गर्न पर्याप्त हुँदैन । पानी व्यवस्थापनको निर्णय प्रक्रियामा रुचि भएका महिलाहरूलाई परिवारको समर्थन र

**कार्यस्थलको अनुभूति**

- स्थानीय स्तरमा हुने पानी व्यवस्थापन सम्बन्धी नीति निर्णयमा महिलाहरूको सार्वजनिक उपस्थिति बलियो बन्दै गएको छ । तर पनि व्यवहारमा महिलालाई कानुनी निर्णयकर्ताको रुपमा स्वीकारेको पाइँदैन ।
- स्थानीय सरकारमा महिलाहरूको उल्लेख्य प्रतिनिधित्वले पानी व्यवस्थापनमा उनीहरूको शासकीय हैसियतसँगै महिलाहरूको आवाज मुखरित गर्न सकारात्मक नतिजा प्राप्त भएको छ ।
- लैंगिक सन्तुलन सहितको पानी व्यवस्थापन समिति गठन गर्ने नीति भएता पनि महिलाहरूले अझै नीति निर्णय प्रक्रियामा बहिष्कृत र एक्लिएको महसुस गरिरहेका छन् ।

**महिला सहभागिताको सीमित प्रतिफल र बढ्दो भार**

"घरमा पानीको व्यवस्थापनको अतिरिक्त, मेरो सार्वजनिक जिम्मेवारी छ । मेरा वडाका महिलाहरू चुनावताका मैले गरेका वाचाहरू पूरा नगरेको आरोप लगाउँछन् । जस्तै महिलाहरूले भोग्दै गरेको पानीको ठूलो अभावलाई सम्बोधन गर्न नसकेको भनेर । वहाँहरूले नबुझेको कुरा के हो भने हाम्रो राजनैतिक ओहोदाको बावजूद, हामी महिलाहरूको अवस्था वहाँहरूको भन्दा फरक छैन । वडा सदस्यको रुपमा मैले पनि यस्तो चुनौतिको सामना गर्छु किनकि नगरपालिका स्तरको निर्णय प्रक्रियामा मेरो प्रभाव निकै कम छ ।" (स्थानीय सरकारको महिला प्रतिनिधिको भनाई ...२०१९) ।

घरायसी काममा सहयोग हुनु आवश्यक छ । आजको अवस्थामा पनि महिलाहरू व्यक्तिगत एवं परिवारको कल्याणकारी विषय र सार्वजनिक भूमिकाको बीचमा चेपुवामा परेर अवाञ्छित निर्णय लिन बाध्य छन् । हामीले एउटा खराब दृष्टान्त भन्न मिल्ने घटना भेट्टायौं जहाँ सार्वजनिक नेतृत्वको जिम्मेवारी घरायसी कामकाजसँगै लान नसकेर सम्बन्धविच्छेद गर्न वाध्य भएकी एक महिला नेतृले आफ्नो विवशता उजागर गरेकी थिइन् ।



चित्र २. धरानका सुकुम्बासी महिला र केटीहरू सर्दु खोलाबाट पानी निकाल्दै *(Photo: Kaustuv R Neupane/ SIAS)*

सहरको जटिल वातावरणमा पानीको अभाव र लैंगिक असमानता सँगसँगै अगाडि आइरहेका छन् । तीव्र सहरीकरण र पूर्वाधारको द्रुत विकाससँगै जनसंख्याको ठूलो हिस्सा पाइपद्वारा वितरण हुने पानीमा निर्भर हुँदै छन् । तथापि, पानीको आपूर्ति नियमित छैन । अनियमित आपूर्तिले सहरको राजनैतिक एवं आर्थिक परिदृश्यमा धनी र गरीब बस्तीहरू बीचको खाडल झन बढाइरहेको हुन्छ । पानीको वितरण प्रणालीको पहुँच बाहिर परेका गरीबहरूले वर्षमा आधाउधी समय पानीको अभाव झेल्छन् भन्ने कुरा हामीले थाहा पायौं । यसले सहरको आधुनिक पानी आपूर्ति प्रणालीले सबैलाई समानरुपले सेवा गर्छ भन्ने बुझाइलाई चुनौती दिएको छ । फलस्वरुप, चित्र नं २ मा देखाए जस्तो महिला र केटीहरूलाई आफ्नो बस्तीबाट टाढाको असुरक्षित स्रोतहरूबाट पानी संकलन गर्नुको विकल्प छैन ।

### ३. पानी व्यवस्थापन र लैंगिक समानताको अन्तर्निहित सम्बन्धका बावजुद सुधारका प्रयासहरू विधागत एकांकी नीतिमा सीमित छ

निर्णय प्रक्रियामा प्रभावकारी सहभागिता जनाउन आवश्यक पर्ने सीप तिखार्न महिलाहरूलाई सहयोग र अवसर उपलब्ध गराइएको पाइएन । विकासे संस्थाहरू र सरकारले पानी व्यवस्थापनमा लैंगिक विभेदकारी अभ्यासहरूलाई मुस्किलले सार्वजनिक बहसको विषयको रुपमा मान्यता दिन्छन् । सम्पत्तिको स्वामित्व जस्ता संरचनात्मक असमानताहरू महिलाप्रति पक्षपाती छन् ? यसले महिलाहरूलाई पानी व्यवस्थापन समितिमा सदस्यता लिन बाधा पुर्‍याएको छ । पानीको धारा जोड्न घर वा जमीनको (कानुनी) कानूनी स्वामित्व हुनुपर्छ र पानी व्यवस्थापन समितिमा सदस्य पनि हुनुपर्छ । अधिकांश रुपमा जमीन र सम्पत्तिको वैधानिक मालिक पुरुष नै हुन्छन् ।

### ४. लैगिक विभेद विरुद्धका कार्यक्रमहरू संरचनागत परिवर्तनका तहमा नगरी पटके र छ्यालटुले प्रवृत्तिमा गरिएको पाइयो

हाम्रो विश्लेषणले के देखाउँछ भने पानी व्यवस्थापनमा लैंगिक समावेशितासँग जोडिएका मुद्दालाई कुनै परिवर्तनकारी (मान्य) सिद्धान्तको अनुसरण गरेर हल गर्ने प्रथा अझै बनेको छैन । बरु, महिलालाई पानी व्यवस्थापन समितिमा चयन गर्ने जस्ता कार्य गर्नु नै पर्याप्त हो भन्ने बुझाइ राखेर लैंगिक सन्तुलनको सवाललाई भैपरि आएको पटके कार्यको रुपमा लिइन्छ । महिलाको क्षमता र विश्वासको अभिवृद्धि गर्ने सशक्तीकरण कार्यक्रमहरू नगण्य छन् र उनीहरूको प्रगतिलाई सघाउने कार्यक्रम नै छैनन् । जसका कारण कोटा पूरा गर्नुभन्दा बाहेक महिलाको प्रतिनिधित्वबाट उल्लेख्य सुधार हुने आशा तत्काल गर्न सक्ने देखिएन ।



चित्र ३. धरान पानी चौतरीका सहभागी *(Photo: CAMPS/SIAS/IDRC research project 2016)*

### ५. विकासका गतिविधिले समाजमा विद्यमान लैंगिक असमानताको परिवेशलाई बेवास्ता गरेको पाइयो

लैंगिक समावेशिताको वकालत गर्नेहरूले प्राय पानी सुरक्षा जस्तो विषयलाई सम्बोधन गर्न आवश्यक ठानेको पाँइदैन । संरचनागत तहमा रुपान्तरण हुने गरी परिवर्तनको ढाँचा अपनाउन तीन प्रकारले हस्तक्षेप गर्न आवश्यक हुन्छ । पहिलो, मापनको आयाम नै छैन । पानी समेतको क्षेत्रीय नीतिहरूले सामुदायिक स्तरका मध्यस्थतालाई प्रशस्तै ध्यान दिन्छ , तर विभिन्न स्तरमा परिवर्तनको प्रकिया जोड्नलाई सीमित विचार गरिन्छ खासगरी व्यक्ति, परिवार, समुदाय, प्रादेशिक र राष्ट्रिय स्तरमा । दोस्रो, सबै लैंगिक विभेदकारी अभ्यासहरू विकासको विशेष क्षेत्र, जस्तै पानी क्षेत्र, बाट आरम्भ हुँदैनन्, बरु ती अभ्यासहरूले वृहत समाजमा जरा गाडेका छन् । लैंगिक अन्यायको सामाजिक घेराबन्दीलाई सम्बोधन र पहिचान गर्ने क्षमताको अभावको कारणले गर्दा लैंगिक असमानतालाई पूरै सम्बोधन गर्न सम्भव छैन । उदाहरणको लागि, पानी व्यवस्थापनसँग सम्बन्धित कार्यले जमीन र सम्पत्तिको स्वामित्वमा महिलाको पहुँचलाई बेवास्ता गर्न मिल्दैन । तेस्रो, यस्ता असमान संरचना र खाडललाई सम्बोधन गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने सहयोगी संस्थाका कर्मचारीहरू यस्ता विसंगतिहरू प्रति सचेत हुनुपर्छ ।



चत्र ४. महिलाको बढ्दो बोझ सहरीकरणमा पनि निरन्तरता
*(Photo: Hemant R Ojha)*

## निष्कर्षहरू

सहरका गरीब समुदायहरूमा महिलाको जीवन र आम्दानीका अवसरहरूलाई उनीहरूको पानीमा पहुँचले गहिरोसँग नियन्त्रण गरेको पाइन्छ। यस मामिलाका तीनवटा अध्ययनहरूले के देखाउँछन् भने सहरी पानी व्यवस्थापन प्रणालीमा आफ्नो आवाज सुनाउन पनि महिलाहरूले ठूलै चुनौतीको सामना गरिरहेका छन्। नीतिगत सदासयता र सकारात्मक परिवर्तनका बावजुद दीगो विकासको अर्को नाजुक समस्याको रुपमा लैंगिक असमानता र पानीको असुरक्षा नेपालका सहरी इलाकाहरूमा सँगसँगै आइरहेछन्। पानीको व्यवस्थापनमा लैंगिक असमानतालाई बुझेर विधिसम्मत ढाँचाले नीतिगत सुधार गर्दै जानुपर्ने आवश्यकता छ। यसको लागि तीन आधारभूत पक्षहरूलाई ध्यान दिनु पर्ने हुन्छ : १) निर्णयमा महिलाको आवाज, २) निरन्तरता र परिवेश अनुसारको आलोचनात्मक चेत ३) समावेशी ज्ञान र सूचना सहितको सावधानी।

यो तीन मुखे रणनीतिले पानी क्षेत्रको विकासे क्रियाकलाप भन्दा पर गएर भैरहेको असमान सामाजिक संरचनालाई नै सम्बोधन गर्नु आवश्यक हुन्छ। जस्तै, क) सम्पत्तिको स्वामित्वको संरचना जुन अहिले पुरुषप्रति ढल्किएको छ : ख) उपयुक्त समर्थन संरचना र सही ठाउँमा महिला सशक्तीकरण कार्यक्रमहरू : र ग) परिवर्तनको प्रष्ट र मनासिब सिद्धान्तसँगै सरकारी काम र सबै विकासे संस्थाहरूलाई सूचना दिने कार्यमूलक योजनाहरू।

## धन्यवाद

लेखकहरू धरान, धुलीखेल र विदुर नगरपालिकाका सरोकारवाला र स्थानीय समुदायहरूलाई वहाँहरूको समर्थन र सहयोगका लागि आभारी छन्। विशेष गरी दिल खत्री, सुचिता श्रेष्ठ र ज्ञानु मास्के सहित सियासबाट प्राप्त सहयोगका लागि कृतज्ञ रहेका छन्। यो कार्यमा सीडीकेएनको सहयोग र आइसीएलइआइ दक्षिण एसियाको व्यवस्थापकीय भूमिका रहेको छ। लेखकहरू यो अध्ययनलाई मद्दत गर्ने ईएसपीए (२०१४-२०१६) र आइ डी आर सी (२०१६-२०१९)लाई धन्यवाद ज्ञापन गर्दछन्।

**प्रकाशक**

Southasia Institute of Advanced Studies (SIAS)
PO BOX 23499, NK Singh Marg-306
Min Bhawan, Kathmandu
Phone : +977-1-4469801
Website : www.sias-southasia.org

**प्रविधिक सहयोग**

INSTITUTE FOR STUDY & DEVELOPMENT WORLDWIDE

**सहयोगी संस्था**

CDKN Climate & Development Knowledge Network

ICLEI Local Governments for Sustainability

**थप जानकारीका लागि**

बसुन्धरा भट्टराई (basu.bhattarai@ifsd.com.au)
कौस्तुभराज न्यौपाने (kaustuv@sias-southasia.org)